अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ , संख्याः १४, गोरखा, कात्तिक २ गते २०८२ साल

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले उच्च प्रविधियुक्त (Hi-tech) फलफूल नर्सरी स्थापना र संचालन कार्यविधि, २०८२ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिका

## उच्च प्रविधियुक्त (Hi-tech) फलफूल नर्सरी स्थापना र संचालन कार्यविधि, २०८२

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२

# उच्च प्रविधियुक्त (Hi-tech) फलफूल नर्सरी स्थापना र संचालन कार्यविधि, २०८२

प्रस्तावनाः

उच्च प्रविधियुक्त कृषि नर्सरी स्थापनाबाट बहुउपयोगी कृषिजन्य बिरुवाहरुको उत्पादन गरी कृषिजन्य जग्गाको क्षेत्र विस्तार, उत्पादन तथा उत्पादकत्व वृद्दि गरि जनताको जिविकोपार्जनमा टेवा पुर्याउन तथा उच्च प्रविधियुक्त नर्सरी स्थापना र यसको प्रभावकारी संचालन गर्ने कार्यक्रम कार्यान्वयन गर्ने उद्देश्यले अजिरकोट गाँउपालिकाले यो मापदण्ड तयार गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "उच्च प्रविधियुक्त (Hi-tech ) फलफूल नर्सरी स्थापना र संचालन कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ।

२. **परिभाषा**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिका सम्झनुपर्छ।

(ख) "कृषक" भन्नाले अजिरकोट गाउँपालिकाको कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तीलाई सम्झनुपर्छ।

(ग) "वडा" भन्नाले अजिरकोट गाउँपालिकाको वडा सम्झनुपर्छ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(ङ) "स्थानीय तह" भन्नाले अजिरकोट गाउँपालिका सम्झनुपर्छ।

(च) "समूह विधान" भन्नाले फर्म/उद्यमी/सहकारी समुहको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप संचालन गर्न बनाईएको नीति नियम तथा कानुनको

दस्तावेज जसले समूह र सदस्यहरुलाई उद्देश्य प्राप्तिमा सहज गराउने दस्तावेजलाई जनाउँदछ।

(छ) "कार्य समिति" भन्नाले मापदण्ड अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउनेछ।

(ज) "कृषिजन्य वाली/फलफूल" भन्नाले वाली, वागवानी, आदि कृषिका सबै उपक्षेत्रसँग सम्बन्धित उत्पादन व्यवसायहरु समेत जनाउँदछन्।

(झ) **प्रस्तावकः** भन्नाले व्यवसायिक रुपमा कृषिजन्य बालीको नर्सरी व्यवसाय संचालन गर्नका लागि छनौट भएका नर्सरी व्यवसाय संचालन गरिरहेको वा गर्न चाहेका व्यवसायी (कृषि सहकारी, उद्यमी, संस्था तथा कृषि समुह) सम्झनुपर्छ।

(ञ) **उच्च प्रविधियुक्त नर्सरीः** भन्नाले स्वचालित तथा वातावरण अनुकुलित व्यवस्थापनको अतिरिक्त पराबैजनी किरण अवरोधक पोलिथिन (Ultra Violate Stabilized polyethene Film), तापमान नियन्त्रण जाली (Ultra violate Stabilized Thermal Net), एग्रीनेट र इन्सेक्ट नेट ( Green agronet and Insect net) को आवरण भएको Galvanized Iron and Aluminium Locking Profile बाट निर्मित सुक्ष्म सिंचाई प्रणाली बाट पोषक तत्व व्यवस्थापन (fertigation) आदि सहितको कृषिजन्य बालीको गुणस्तरीय बेर्ना उत्पादन गर्ने नर्सरीलाई सम्झनु पर्दछ।

(ट) **प्रस्तावः** भन्नाले उच्च प्रविधियुक्त नर्सरी निर्माणका लागि सहयोग रकम प्रसतावकले पेश गरेको विवरण सम्झनु पर्दछ।

(ठ) **व्यवसायीः** भन्नाले प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता भएका नर्सरी व्यवसाय संचालन गरिरहेका वा गर्ने कृषि फर्म वा कृषि समूह समेतलाई बुझ्नुपर्छ।

(ड) **कार्यालयः** भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद २

## कार्यक्रम संचालन पक्रिया

### ३. नर्सरी स्थापना गरिने क्षेत्रको पहिचान एवं छनौटका आधारहरुः

३.१ नर्सरी स्थापनाको लागि उपयुक्त स्थान छनौट गर्न स्थानिय तहका पदाधिकारीहरु, फर्म/उद्दमी/समूह तथा स्थानीय सरोकारवालाहरु सँग छलफल गरी उपलब्ध हुन सक्ने जग्गाको स्थलगत निरिक्षण गरी लागत तयार गरी पहुँच, भौगोलिक अवस्था, हावापानी लगायतका प्राविधिक पक्षहरुलाई मध्यनजर राखी नर्सरीको लागि उपयुक्त स्थान छनौट गरिनेछ।

३.२ नर्सरी स्थापनाको लागि एक प्राविधिक टोली गठन गरिनेछ। सो प्राविधिक टोली पाँच सदस्य रहनेछ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| कृषि प्राविधिक एक जना | सदस्य |
| पुर्वधार विकास शाखामा कार्यरत एक प्राविधिक | सदस्य |
| पशु विकास शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य |

३.३ गत/विगत आ.व. मा संचालन भएका हाईटेक नर्सरी निरन्तरता कार्यक्रम पनि यसै मापदण्ड बमोजिम हुनेछन्।

३.४ चालु आ.व. मा कलमी बिरुवा उत्पादन तथा उत्पादित बिरुवाको व्यवस्थापनको पुर्ण विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ।

**४. नर्सरी डिजाइन, लेआउट तथा लागत ईस्टिमेट तयार गर्नुपर्नेः**

४.१ कार्यालयले नर्सरीको लागि आवश्यक पर्ने डिजाइन, लेआउट तथा लागत ईस्टिमेट तयार गर्नुपर्ने।

४.२ अनुदान प्राप्त हाई-टेक नर्सरीले गर्नुपर्ने कार्यहरु (आर्थिक पक्ष) स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधिभित्र रही देहायका कार्यका लागि कुल लागतको ५०% (प्रतिशत) सम्म अनुदान सहयोग उपलब्ध गराउन सकिन्छ।

४.३ कार्यक्रम संचालन पश्चात हाई-टेक नर्सरी पूर्ण रुपमा संचालन हुनु पर्नेछ।

४.४ नियमित रुपमा संचालन गर्न (कर्मचारी तलव, बिजुली, पानी, टेलिफोन, इन्टरनेट तथा अन्य भैपरी खर्च आदिमा स्वयम् सम्वन्धित फर्म/समूहको जिम्मेवारी रहनेछ।

**५. प्रस्ताव आह्वानः**

५.१ यस मापदण्ड अनुरुप कार्यक्रम संचालनको लागि कार्यालयले प्रचलित नियमानुसार अनुसुची (१) बमोजिमको सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ।

५.२ उपदफा (१) बमोजिम सूचना प्रकाशन भए पश्चात आवेदकले देहाय वमोजिमका कागजातहरु संलग्न गरी अनुसूची (२) बमोजिमको निवेदन साथ कार्यालयको कार्यसूची (TOR) मा उल्लेख भए अनुसारको प्रस्ताव सहित अनुसूची ५.३ बमोजिमको प्रतिवद्धता पत्र पेश गर्नुपर्नेछ।

**(क)** आवेदकको संक्षिप्त परिचय

**(ख)** सम्वन्धित व्यवसाय सम्बन्धि विवरण (अनुसूचि ३ अनुसार)

**(ग)** कुल अनुमानित बेर्ना उत्पादन तथा बजारिकरण

**(घ)** कुल रोजगारी सिर्जना

**(ङ)** संचालन हुने क्रियाकलापहरु

**(च)** संस्थामा उपलब्ध भौतिक पुर्वधार तथा मेसिनरी औजारहरुको विवरण

**(छ)** प्रस्तावकको आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

**(ज)** संरचना निर्माण गरिने जमिनमा सडक, सिंचाई, बिजुली लगायतको आवश्यक पुर्वधारको विवरण

**(झ)** समूहको हकमा कार्यक्रम माग गरेको निर्णयको प्रतिलिपी

**(ञ)** नर्सरी स्थापना गर्न आवश्यक पर्ने जग्गाको स्वामित्व वा जग्गा भाँडामा लिएको भए कम्तिमा पाँच वर्ष जग्गा भाँडामा लिइएको सम्झौता पत्र

**(ट)** प्रस्ताव अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा ५०% रकम स्वलगानी गर्ने प्रतिवद्धता (अनुसूचि ४ अनुसार)

**६. प्रस्तावको मुल्यांकनः**

६.१ प्रस्तावको मुल्यांकन अनुसूचि ५ अनुसार हुनेछ। प्रस्तावको मुल्यांकन माथि उल्लेखित प्राविधिक टोलीले गर्नेछ।

**७. सम्झौताः**

७.१ मुल्याङ्कन समितिले मुल्याङ्कनको आधारमा लाभग्राही छनौट गर्नेछ।

७.२ सम्झौता अनुसूचि ६ बमोजिम हुनेछ।

**८. व्यवसायीले पालना गर्नुपर्ने दायित्वः**

८.१ कार्य संचालनका क्रममा कार्यालयबाट दिइएको निर्देशनको पालना गर्ने।

८.२ कार्यालयले खोजेका बखत व्यवसायीको निर्माण र संचालन कार्यप्रगति देखाउनु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ।

८.३ व्यवसायीले सम्झौता बमोजिमको व्यवसाय कम्तिमा ५ वर्ष संचालन गर्नुपर्नेछ।

८.४ व्यवसायीले उत्पादित बेर्ना सम्झौतामा तोकिएको सहुलियत दरमा उपलब्ध गराउनुपर्नेछ।

८.५ यस मापदण्ड बमोजिम निर्माण भएको उच्च प्रविधियुक्त नर्सरी दिगो रुपमा संचालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित व्यवसायीको हुनेछ।

८.६ व्यवसायीले समझौता (अनुसचि ६) अनुसारको कार्य गर्न कुल लागतको कम्तीमा ५०% रकम स्वलगानीमा गर्नुपर्नेछ।

९. **भुक्तानी पक्रीयाः** व्यवसायिलाई भुक्तानी गर्दा कामको आधारमा देहाय नुसार गर्नुपर्नेछ,

९.१ सम्झौता अनुसार भुक्तानी गर्नुपर्नेः व्यवसायीलाई सम्झौतामा भएको व्यवस्था अनुसार भएको कार्यको भुक्तानी दिँदा कार्य सम्पादन मुल्याङ्कन बमोजिम भुक्तानी गर्नुपर्नेछ।

९.२ अनुदान दाबी गर्दा देहाय बमोजिमको कागजात पेश गर्नुपर्नेछ

९.३ अनुदान उपलब्ध गराउनको लागि भुक्तानी पाऊ निवेदन।

९.४ कार्य समपन्न भएपछिको फोटो तीन प्रति।

९.५ कार्य समपन्न गरपछि मातहतको वडा सिफारिस।

९.६ गाउँपालिका स्तरिय अनुगमन प्रतिवेदन।

**१०.अनुगमन सम्बन्धि व्यवस्थाः**

१०.१ संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यलाय तथा कृषि विकास शाखा/पशु सेवा शाखाले अनुगमन गर्न सक्नेछ।

**११.भुक्तानी दिन बाध्य नहुनेः**

११.१ सम्झौता बमोजिम कार्य सम्नपन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन।

११.२ सम्झौता गरेको आर्थिक वर्ष भित्रमा कार्यसम्पन्न गरि भुक्तानी लिन नआए भुक्तानी गरिने छैन।

## परिच्छेद ३

## विविध

**१२.कार्वाहीको व्यवस्थाः**

१२.१ सम्झौता बमोजिम तोकिएको कार्य नगर्ने व्यवसायीलाई उपलब्ध गराइने रकम रोक्का गर्नुको साथै प्रचलित कानुन अनुसार कारवाही गरिनेछ।

**१३.कार्यालयले संचालन गर्न सक्नेः**

१३.१ यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यालयले आफैले उच्च प्रविधियुक्त नर्सरी (Hi-tech Nursery) स्थापना र संचालन गर्न चाहेमा प्रचलित कानुन बमोजिम स्थापना र संचालन गर्न सक्नेछन्।

**१४.मापदण्डमा द्विविधा आएमाः**

१४.१ यस मापदण्ड कार्यन्वयनमा द्विविधा आएमा सो स्पष्ट गर्ने अधिकार कार्यालयमा निहित रहनेछ।

**१५.संसोधन, थपघट वा खारेजीः**

१५.१ कार्यालयले आवश्यकता अनुसार यो मापदण्डलाई संसोधन, थपघट वा खारेजी गर्न सक्नेछ।

**१६.** यस अघि भए/गरेका कामहरु पनि यसै मापदण्ड बमोजिम भए/गरेको मानिनेछ।

## अनुसूची-१

## उच्च प्रविधियुक्त नर्सरी (Hi-tech Nursery) स्थापना र संचालनका लागि प्रसताव आह्वानको सूचना

## सूचना ! सूचना ! सूचना !

अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष ........................ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उच्च प्रविधियुयक्त नर्सरी (Hi-tech Nursery) स्थापना र संचालन गर्न ईच्छुक व्यवसायीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ........................ दिन भित्र कार्यालयमा तपशिल अनुसारको कागजात पेश गर्नुपर्नेछ।

तपशिल

(क) कार्यालयले उपलब्ध गरेको ढाँचामा आवेदन ।

(ख) यस आर्थिक वर्षमा कुनै पनि कार्यालय वा संस्थाबाट अनुदान प्राप्त भए नभएको खुलेको र कार्ययोजनामा उल्लेख भएको प्रस्ताव पत्र (उपलब्ध गराएको ढाँचामा)।

(ग) संस्था नविकरण/दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

(घ) गत आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि।

(ङ) संस्थागत निर्णयको प्रतिलिपि।

(च) सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्र।

(छ) वडा कार्यालयको सिफारिसपत्र।

# अनुसूची – २
# निवेदन

**मितिः**

**श्रीमान् ........................... ज्यु,**

**अजिरकोट गा.पा भच्चेक, गोरखा**

**विषयः** उच्च प्रविधियुक्त नर्सरी(Hi- Tech Nursery)सम्वन्धी प्रस्ताव पेश गरेको सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा ................................ उक्त कार्यलयको मिति ..................को सूचना अनुसार उच्च प्रविधिकयुक्त नर्सरी( Hi -tech Nursery ) को निर्माण तथा संचालन गर्न सुचनामा उल्लेख भए वमोजिम तपशिल अनुसारका कागजात समावेश गरी जम्मा रकम रु..........................(अक्षरुपी ..........................................) को प्रस्ताव तयार गरी पेश गरिएको छ ।

**सलग्न कागजातहरु**

(क) व्यवसायीको आधिकारीक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि,

(ग) करचुक्ता र नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,

(घ) संरचना निर्माण गरिने जमिनमा सडक, सिचाई, विजुली लगायतको आवश्यक पूर्वाधारको विवरण,

(ङ) समुह, सहकारीहरुको हकमा समुह/सहकारीको भेलाबाट गरिएको निर्णयको प्रतिलिपि,

(च) नर्सरी स्थापना गर्न आवश्यक पर्ने जग्गाको स्वामित्व वा भोचलन गर्न पाउने प्रमाणको प्रतिलिपि,

(छ) प्रस्ताव अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा ५० प्रतिशत रकम स्वलगानी गर्ने प्रतिवद्धता आदि ।

**आवेदकको तर्फबाट**

**नामः**

**पदः**

**सस्थाको नामः**

**संस्थाको छापः**

# अनुसुचि ३

## प्रस्ताव-पत्र

१.आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण :

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| आवेदक संस्थाको किसिम (कुनै एकमा चिन्न लगाउने) | १. कृषक समूह<br>२. दर्तावाल फर्म<br>३. कृषक |
| प्रोपाइटर वा अध्यक्षको नाम | |
| संस्था दर्ता भएको मिति | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रस्तावित कार्यक्रमको कुल खर्च ( अनुदान र अनुदान ग्राहिको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भैरहेको भए, कुन संस्थाबाट के उद्देस्यको लागि वित्तिय सहयोग प्राप्त गर्नु भएको, खुलाउनुहोस | |
| आ.व २०८०/८१, २०८१/८२ मा अजिरकोट गाउँपालिका वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको भए सो को विवरण | |

२. हालको व्यावसायिक विवरण :

| क,स, | व्यवसाय | क्षेत्रफल् वा संख्या | उत्पादन परिमाण | उत्पादन मूल्य | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३.क्रियाकलापको विवरण

| क.स. | कार्यक्रम | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची – ४

## (दफा ५ को उपदफा २ संग सम्वन्धित)

## प्रतिबद्धता पत्रः

कार्यालयको मिति २०८२/ / को सूचना अनुसार उच्च प्रविधियुक्त नर्सरी निर्माण गरी उच्च मुल्ययुक्त कृषिजन्य बालीको बेर्ना उत्पादन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि प्रस्ताव सहितको आवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रममा छनोट भएमा प्रस्तावमा उल्लेख भए बमोजिमको नर्सरी तयार भएपछि कम्तिमा ५ (पाँच) वर्ष सम्म निरन्तरता दिनेछु/छौ । प्रस्ताव अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा ५० प्रतिशत रकम स्वलगानी गर्न समेत मन्जुर छु/छौ । प्रस्तावमा उल्लेख भए अनुसारको कार्य नगरेमा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा, सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकरात्मक असर पार्ने कार्य गरेमा, सम्झौतामा शर्त बमोजिमका कार्य नगरेमा, स्थानीय सरकारबाट प्राप्त रकम प्रचलित कानुन बमोजिम फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/ छौ ।

इति सम्वत २०८२/ / गते रोज ...... शुभम् ।

**आवेदकको तर्फबाट**

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सर्म्पक नं.

हस्ताक्षरः

मितिः

छापः

| दायाँ | बायाँ |
|---|---|
| | |

# अनुसूची - ५

## अजिरकोट गाउँपालिका कृषि विकास शाखाको उच्च प्रविधियुक्त (Hi-tech) फलफूल नर्सरी स्थापना तथा संचालन कार्यक्रमको मूल्याङ्कन तथा मापदण्ड

**कृषक वा समूहको नाम** :

**सम्पर्क नं** :

**ठेगाना** :

| क्र.स. | मूल्यांकनको आधार | अधिकतम अंक | मापदण्ड र प्रदान गर्न सक्ने अंक | प्राप्तांक |
|---|---|---|---|---|
| १) | जग्गाको क्षेत्रफल | २० | न्युनतम १० रोपनी क्षेत्रफलको लागी १० अंक र प्रति २ रोपनी थप क्षेत्रफलका लागी थप १ अंकका दरले | |
| २) | जग्गाको अवस्थिति | ३० | समथर (भरालोपन ०-५ डग्री) ३० अंक<br>कम भरालो(भरालोपना ५-१० डगी सम्म) २० अंक<br>बढी भरालो(१० डग्री भन्दा माथी) १० अंक | |
| ३) | बाटो | १० | मोटर बाटो भएको १० अंक<br>मोटर बाटोको सम्भावना भएको ५ अंक | |
| ४) | सिंचाई | १० | बाह्रै महिना सिंचाईको स्रोत भएको १० अंक<br>आंशिक सिंचाई ५ अंक | |

| | | | | |
|---|---|---|---|---|
| ५ | भौगोलिक र वातावरणीय उपयुक्तता | १० | उत्तम वातावरण - १० अंक<br>सन्तोषजनक- ५ अंक | |
| ६ | जग्गाको संरक्षण तथा दिगोपन | १० | उत्तम स्तरको योजना पेश गरेको - १० अंक<br>मध्यम स्तरको योजना पेश गरेको - ५ अंक<br>पेश नगरेको - ० | |
| ७ | कार्य अनुभव | १० | कम्तीमा ५ वर्ष माथि अनुभव भएको - १० अंक<br>५ वर्ष भन्दा कम अनुभव भएको - ५ अंक<br>कार्य अनुभव नभएका - ० अंक | |

# अनुसूची - ६

## सम्झौता

अजिरकोट गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार उच्च प्रविधियुक्त (Hi-tech nursery) नर्सरी स्थापना तथा संचालन कार्यक्रम संचालन गर्न अजिरकोट गाउँपालिका, कृषि विकास शाखा (यस पछि प्रथम पक्ष भनिने) र श्री ............................................ (यस पछि दोश्रो पक्ष भनिने) बीच तपशिल बमोजिमका सर्तहरु पालना गर्ने गरि दुपक्षीय सम्झौता गरिदियौ / लियौ

१) यो सम्झौता भएको मितिबाट लागु हुनेछ . प्रथम पक्षले कार्यक्रमको लागि स्वीकृत गरेको रकम बापत बढिमा ५ प्रतिशत सम्म कन्टिनजेन्शी र अन्य प्रचलित कानुन अनुसार कट्टी गर्नुपर्ने रकम कट्टी गरि कार्य सम्पन्न प्रतिबेदनको आधारमा भुक्तानी गरिनेछ।

२) प्राविधिकले इस्टमेटको आधारमा (Hi-tech) नर्सरी सथापना गर्नुपर्नेछ र कार्यसम्पन्न प्रतिवेदनको आधारमा बढीमा रु २,५०,०००/- भुक्तानी गरिनेछ।

३) दोश्रो पक्षले काम सम्पन्न गरि भएको कामको नियमअनुसार भ्याट बिल अथवा अन्य बिल (यदि भएमा) सहित कार्य सम्पन्न भएको स्थलगत प्राबिधिक प्रतिबेदन पश्चात दोश्रो पक्षको बैंक खातामा एकमुस्ट रुपमा भुक्तानी गरिनेछ।

४) नर्सरी स्थापना भएपश्चात उक्त नर्सरीको तिन प्रति फोटो भुक्तानीका लागि अनिवार्य पेश गर्नुपर्नेछ।

५) नर्सरी स्थापना पश्चात दोस्रो पक्षले अनिवार्य रुपमा नर्सरी वेर्ना उत्पादन गर्नुपर्नेछ।

६) नर्सरी स्थापना पश्चात दोस्रो पक्षले नर्सरीको वेर्ना सहुलियत रकममा गाउँपालिकालाई उपलब्ध गराउनुपर्नेछ।

७) दोश्रो पक्षले सम्झौता भएको मितिले ६० दिन भित्र  नर्सरी स्थापना गरि सक्नुपर्नेछ. यस अबधि मा कार्य प्रारम्भ नभएमा सम्झौता रद्द गरिनेछ।

८) यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यस मा उल्लेख न भएका नियमहरु प्रचलित नियम कानुन बमोजिम हुनेछ.

प्रथम पक्षको तर्फबाट
नाम :
पदः
संस्थाको नाम / छाप :
मिति :

दोश्रो पक्षको तर्फबाट
नाम :
पदः
संस्थाको नाम / छाप :
मिति :

**प्रमाणिकरण मितिः २०८२।०६।२८**

**आज्ञाले**
**रचना बुढाथोकी**
**प्रमुख प्रशासकीय अधिकृत**